# प्रदेशमा लैंगिक हिंसा निवारण कोष स्थापना तथा बिस्तारका लागि सशर्त अनुदान रकम खर्च सम्वन्धी मापदण्ड, २०७६

पृष्ठभूमिः

नेपालको संविधानमा लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्पसहित महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने लगायतका मौलिक हकको प्रत्याभूत गरी महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव तथा हिंसा जस्ता जघन्य अपराधलाई दण्डनीय बनाई पीडितलाई क्षतिपूर्ति दिलाउने र शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा विशेष अवसरद्वारा लैंगिक समानता कायम गर्ने व्यवस्था भएअनुरूप महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले महिलामाथि हुने सबै प्रकारका हिंसा, विभेद, गलत अभ्यास आदिका विरुद्धमा विभिन्न महत्वपूर्ण कार्यक्रम संचालन तथा सोको लागि वार्षिक रुपमा बजेट बिनियोजन गर्दै आएको छ। संघीय संरचनाअनुसार मन्त्रालयले गर्दै आएका कार्यहरु प्रदेश तथा स्थानीय तहबाट संचालन हुँदै आएका छन् । जिल्लास्थित महिला तथा बालबालिका कार्यालयबाट संचालन भएका लैंगिक हिंसा, घरेलु हिंसा, मानव बेचबिखनबाट पीडित, प्रभावितहरुका लागि संचालित अल्पकालीन सेवा केन्द्रहरु हाल कतिपय स्थानीय तहबाट संचालनमा आएका छन् भने कतिपय पुनः सुचारु गर्नुपर्ने अवस्थामा रहेका छन्।

आ.व.२०७६ /७७ को स्वीकृत वार्षिक कार्यक्रममा रहेको राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत "प्रदेशमा लैंगिक हिंसा निवारण कोष स्थापना तथा बिस्तार" कार्यक्रमका लागि तीन लाख पचास हजार रुपैया विनियोजित भई मन्त्रालयबाट सातैवटा प्रदेशलाई पचास हजार रुपैयाका दरले विभाजन गरी प्रदेश सामाजिक विकास मन्त्रालयमा पठाइएको छ। लैंगिक हिंसा निवारण कोष (संचालन) नियमावली, २०६७ बमोजिम रहने कोषको रकमबाट पीडितलाई तत्काल उद्धार गर्न, औषधी उपचार गर्न, कानूनी सहायता, मनोवैज्ञानिक उपचार लगायतमा खर्च गर्नुपर्ने प्रावधान रहेकोमा सो नियमावली हाल संशोधनको क्रममा रहेकोले सोही नियमावलीको भावनाअनुरूप पीडितलाई तत्काल उद्धार, राहत तथा पुनर्स्थापना गर्ने कार्यको लागि लैंगिक हिंसा निवारण कोष स्थापना गरी सो कोषबाट पीडित तथा प्रभावितलाई रकम प्रदान गर्ने कार्यलाई सरल, सहज एवं एकरूप बनाउने उद्देश्यले मन्त्रालयले यो मापदण्ड बनाई लागु गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस मापदण्डको नाम "प्रदेशमा लैंगिक हिंसा निवारण कोष स्थापना तथा बिस्तारका लागि प्रदान गरिएको सशर्त अनुदान रकम खर्च सम्बन्धी मापदण्ड, २०७६" रहेको छ ।

(२) यो मापदण्ड मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "मन्त्रालय" भन्नाले महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।

(ख) "मापदण्ड" भन्नाले प्रदेशमा लैंगिक हिंसा निवारण कोष स्थापना तथा बिस्तारका लागि प्रदान गरिएको सशर्त अनुदान खर्चको मापदण्ड, २०७६ सम्झनु पर्छ ।

(ग) "रकम" भन्नाले प्रदेशस्तरमा लैंगिक हिंसा निवारण कोष स्थापना तथा बिस्तारका लागि प्रदान गरिएको सशर्त अनुदान रकम सम्झनु पर्छ ।

(घ) "प्रदेश मन्त्रालय" भन्नाले सम्बन्धित प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

३. <u>रकम उपलब्ध गराउने</u> : प्रदेश मन्त्रालयले यस मापदण्ड बमोजिम देहायको कामको लागि रकम उपलब्ध गराउनेछ :-

(क) पीडितलाई तत्काल उद्धार गर्न,

(ख) पीडितलाई औषधी उपचार गर्न,

(ग) पीडितलाई तत्काल उपचार गराउँदा लागेको खर्च पीडकले तत्काल व्यहोर्न नसक्ने भई अदालतको आदेशबमोजिम त्यस्तो पीडितको स्वास्थ्य उपचार गर्न,

(घ) संकटापन्न अवस्थामा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको लागि अल्पकालीन सेवा केन्द्र संचालनको लागि माग भई आएमा त्यस्तो केन्द्रको लागि रकम प्रदान गर्न,

(ङ) प्रदेश अन्तर्गत जिल्लामा स्थापना भई संचालन भैरहेका तथा मन्त्रालयले स्थानीय तहमा हस्तान्तरण गरेका अल्पकालीन सेवा केन्द्र संचालनको लागि रकम प्रदान गर्न,

(च) पीडितलाई कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श लगायतका सेवा प्रदान गर्न,

(छ) सीपमूलक तालिम प्राप्त पीडितलाई स्वरोजगारका लागि व्यवसाय स्थापना खर्च रकम अनुदानको रूपमा प्रदान गर्न,

(ज) हिंसापीडित र प्रभावित महिलाका लागि पुनर्स्थापना केन्द्र संचालन गर्न,

(झ) पीडितलाई पुनर्स्थापना गराउन,

(ट) मन्त्रालय विपक्षी भएको लैङ्गिक हिंसा र यौनजन्य दुर्व्यवहारको कसूरबाट पीडितले प्रचलित कानून बमोजिम कसूरदारबाट प्राप्त गर्नुपर्ने क्षतिपूर्ति त्यस्तो कसूरदारको कुनै सम्पत्ति नभएको कारणबाट प्राप्त गर्न नसक्ने देखिई अदालतको आदेश बमोजिमको रकम पीडितलाई क्षतिपूर्ति स्वरुप भराउन ।

४. <u>रकमको उपयोग</u>: (१) प्रदेश मन्त्रालयले सरोकारवाला निकायको संलग्नतामा प्रदेश राहत समिति गठन गरी पीडितलाई राहत प्रदान गर्नु पर्नेछ ।

(२) प्रदेश राहत समितिले उपदफा (१) बमोजिम पीडितलाई रकम उपलब्ध गराउँदा देहाय बमोजिमको रकमको हद र आधार लिनु पर्नेछ :-

(क) पीडितलाई तत्काल उद्धार, औषधि उपचार, पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर तथा मानवीय क्षति हुने देखिएको र सोको लागि प्रदेश राहत समितिले कुनै

रकम उपलव्ध नगराएको वा गराउन सम्भव हुने अवस्था नदेखिएकोमा प्रदेश राहत समितिको अध्यक्षले सो प्रयोजनका लागि पचास हजार रुपैयामा नबढ्ने गरी मनासिब रकम,

(ख) हिंसापीडितले कुनै सीपमूलक तालिम प्राप्त गरी व्यवसाय सञ्चालन गर्नका लागि वस्तुगत तथा नगद अनुदान माग गरेमा बढीमा प्रतिव्यक्ति बीस हजार,

(ग) पीडितलाई कानूनी सहायता, मनोवैज्ञानिक उपचार, मनोसामाजिक विमर्श सेवाको लागि पाँच हजार रुपैयासम्म,

(घ) पीडितलाई तत्काल उद्धार गर्नुपर्ने भएमा सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चबापत प्रतिदिन तीन सय रुपैया र बास बस्नुपर्ने भए सो बापत छुट्टै रकम दिनुपर्ने भएमा प्रतिदिन पाँचसय रुपैयाको दरले बढीमा पाँच हजार रुपैयासम्म,

(ङ) प्रदेश राहत समितिले घटनाको प्रकृति पीडितको अवस्था समेतलाई विचार गरी दश हजार रुपैयासम्म,

(च) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नुपर्ने भएमा अस्पताल आउँदाजाँदा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्चवापत प्रतिदिन तीनसय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नुपरेमा बढीमा पाँच दिनको बास खर्च वापत प्रतिदिन पाँच सय रुपैयाँ र उपचार खर्चसमेत गरी बढीमा छ हजार पाँच सय रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(छ) पीडितसगैं कुनै बालबच्चा भए बालबच्चाका लागि पीडित सरहको खाना खर्च रकम ।

५. <u>निवेदन दिनु पर्ने:</u> (१) यस मापदण्ड बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडितले राहत तथा आर्थिक सहयोग पाउनुपर्ने मनासिब कारण खुलाई प्रदेश सामाजिक विकास मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नुपर्ने मनासिब आधार देखिएमा प्रदेश मन्त्रालयले दफा ४ को अधीनमा रही पीडितलाई रकम उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा पीडितलाई रकम उपलब्ध गराउनु पर्ने मनासिब आधार नदेखिएमा प्रदेश मन्त्रालयले सोको जानकारी निवेदकलाई गराउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम उपलब्ध गराइएको रकमको प्रगति विवरण चौमासिक र वार्षिक रूपमा मन्त्रालयमा पठाउनु पर्नेछ ।